तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
तुर्माखाँद अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्रसंख्याः२०८०/८१ मितिः२०८१/१/२४गते
चलानी नं.

## माटो नमुना परिक्षण कार्यक्रमका लागि माटोको नुमना संकलन सम्बन्धि सूचना।

प्रस्तुत विषयका सम्बन्धमा कृषि ज्ञान केन्द्र अछामको आ.व.२०८०/८१ को बार्षिक स्वीकृत माटोको नमुना परिक्षण कार्यक्रम अनुसार माटो परिक्षण शिविर संन्चालन हुने भएकोले ईच्छुक कृषक/कृषक समुह /कृषि सहकारी/कृषि ब्यवसायीहरुले यो सुचना प्रकाशित भएको मिति देखि ५(पाचँ) दिन भित्र अर्थात मिति २०८१/०१/२८ गते सम्म आ-आफ्नो खेतबारीको माटो नमुना दिईएको निर्देशन बमोजिम संकलन गरि सम्बन्धित वडा कार्यलयहरुमा संकलित नमुना दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

भाष्कर जोशी
कृषि अधिकृत
कृषि विकास शाखा प्रमुख

चक्रदेव भट्ट
नि.प्रशासकीय प्रमुख अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

तपशिल:

### कति वटा नमुना कसरी लिने:

- माटोको नमुना कति वटा लिने भन्ने कुरा जग्गाको बनोट,माटोकोको रंग,माटोको उर्वराशक्ति आदि अनुसार हुन्छ।
- माटोको नमुना लिदा जग्गामा अंग्रजी अक्षर S,W,Z अनुसार नमुना संकलन गर्ने।

### अन्नबाली तथा तरकारी बालीका लागि नमुना संकलन गर्ने तरिका:

जमिनको सतहबाट ८-१० ईन्च/१५-२० से.मि गहिराई सम्मको माटो लिने,




चित्र:०१

Email:ito.turmakhadmun@gmail.com Website: www.turmakhadmun.gov.np
Phone Number: ९८४८६४६६८७/ ९८६५६६४०६४/९८६४६५४३३०
"कृषि ,शिक्षा र जलाधार समृद्ध तुर्माखाँदको मुल आधार "

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्रसंख्याः२०८०/८१ मितिः२०८१/१/२४गते
चलानी नं.

**फलफूल बालीका लागि:**

३-४ फिट वा १ मिटर वा १०० से.मि गहिराई सम्मको माटो लिने। चार तहको माटो(सतह देखि १५ से.मि,१५-३० से.मि,३०-६० से.मि र ६०-९० से.मि) को नमूनाहरु संकलन गर्नु पर्दछ।




चित्र.०२

**नमूना तयार गर्ने तरिका**



- संकलन गरेको माटोलाई राम्ररी मिसाएर ४ भागमा बाड्ने ।
- ४ भाग मध्ये आम्ने साम्नेका २ भाग राखि हटाउने।
- बाकि रहेका २ भाग माटोलाई राम्ररी मिसाएर ४ भागमा बाड्ने ।
- पन.४ भाग माटो मध्ये आम्ने साम्नेका २ भाग राखि २ भाग हटाउने।
- यो प्रक्रिया तब सम्म दोहोराउने जब सम्म माटोको नमूना करिब आधा के.जी को हुदैन।
- तयारी आधा के.जी .माटो परिक्षणका लागि दर्ता गर्ने।

Email:ito.turmakhadmun@gmail.com Website: www.turmakhadmun.gov.np
Phone Number: ९८४८६४६६८७/ ९८६५६६४०६४/९८६४६५४३३०
"कृषि ,शिक्षा र जलाधार समृद्ध तुर्माखाँदको मुल आधार "